# नौगाड गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## होपरीगाड, दार्चुला

सुदूरपश्चिम प्रदेश, नेपाल

### खुला प्रतियोगितात्मक परीक्षाद्वारा बालबिकास सहजकर्ता पदपूर्ती सम्बन्धी दरखास्त आह्वान गरिएको सूचना
### (दोस्रो पटक प्रकाशित मितिः २०८०/०२/०९)

यस गाउँपालिका भित्र रहेका विभिन्न बालबिकास केन्द्रहरुमा रिक्त रहेका बालबिकास सहजकर्ता पदमा **खुला प्रतियोगितात्मक परीक्षाद्वारा** बालबिकास सहजकर्ता पदपूर्ती सम्बन्धी मिति २०८०/०१/२८ गतेको सूचना अनुसार कुनै पनि उम्मेदवार सफल नभएकाले सो पदमा पुनः विज्ञापन गर्ने मिति २०८०/०२/०८ गतेको परीक्षा समितिको निर्णयानुसार नौगाड गाउँपालिकाको **"शिक्षण सिकाइ सहयोग अनुदान कोटामा शिक्षक नियुक्ति सम्बन्धी कार्यविधि-२०७९"** बमोजिम योग्यता पुगेका उम्मेदवारहरुबाट यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र निम्न बमोजिमको शुल्कमा तोकिए बमोजिमको फाराम भरी गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा दरखास्त बुझाउन हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। विज्ञापनको सूचना गाउँपालिकाको वेवसाइट www.naugadmun.gov.np मा पनि हेर्न सक्नु हुनेछ।

| विज्ञापन नं. | पद | किसिम | दरवन्दी रहेको विद्यालय | संख्या |
|---|---|---|---|---|
| ३४-२०७९/०८० | बालबिकास सहजकर्ता | खुला | श्री भवानी आ.वि. नौगाड ६ धुलिगडा | १ |

<u>द्रष्टव्यः</u>

१. **परीक्षाको किसिमः** परीक्षाको किसिम लिखितः बस्तुगत (५०×२=१०० पूर्णाङ्क) र अन्तरवार्ता (२५ पूर्णाङ्क)

२. **परीक्षा केन्द्रः** नौगाड गाउँपालिकाको सभाहल होपरीगाड, दार्चुला

३. **परीक्षा कार्यक्रमः लिखित (बस्तुगत) परीक्षाः** मिति २०८०/०२/२५ गते बिहान ८ बजेदेखि,
**अन्तरवार्ताको मितिः** लिखित परीक्षाको नतिजा सार्वजनिक भएपछि प्रकाशन गरिनेछ।

४. **दरखास्त दस्तुरः** ५००/- दस्तुर बुझाउनु पर्नेछ।

५. **दरखास्त दिने अन्तिम मितिः** २०८०/०२/१५ गते कार्यालय समयभित्र (उक्त दिन सार्वजनिक विदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिन)

६. **दरखास्त दस्तुर बुझाउने स्थान/माध्यमः** नौगाड गाउँपालिका राजश्व शाखा अथवा, **Email** बाट फाराम बुझाउनेहरुका लागि नौगाड गाउँपालिकाको **ग्लोबल आई.एम.ई. बैंकमा** रहेको **ग-१.१ आन्तरिक राजश्व नौगाड खाता नं. ६४०४०१००००००७** मा तोकिए बमोजिमको दरखास्त दस्तुर बुझाई बैंक दाखिला गरेको सक्कलै भौचर कार्यालयमा पेश गर्नुपर्नेछ।

७. **उम्मेदवारको उमेरको हदः** १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको

८. **तलब भत्ता तथा अन्य सुविधाः** नौगाड गाउँपालिका गाउँ कार्यपालिकाले तोके अनुसार

९. **आवश्यक न्यूनतम शैक्षिक योग्यताः**
क) मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा प्रविणता प्रमाणपत्र तह उत्तीर्ण गरेको।

१०. **दरखास्त आवेदन साथ पेश गर्नुपर्ने कागजातहरुः**
क) नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
ख) शैक्षिक योग्यताका प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपि,
ग) हालसालै खिचेको पासपोर्ट साइजको फोटो ३ प्रति

११. **दरखास्त फाराम पाइने स्थानः** नौगाड गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखा, होपरीगाड, दार्चुला तथा गाउँपालिकाको वेवसाइट www.naugadmun.gov.np बाट पनि डाउनलोड गर्न सकिनेछ।

१२. **दरखास्त बुझाउने स्थानः** नौगाड गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखा, होपरीगाड, दार्चुला। साथै ईमेलबाट पनि दरखास्त बुझाउन सकिनेछ, जसको लागि गाउँपालिकाको Email: naugaad@gmail.com र शिक्षा, युवा तथा खेलकुद शाखाको Email: doenaugad@gmail.com मा ईमेल गर्न सकिनेछ।

.............................
पुष्कर सिंह धामी